# परिवार र शिक्षकहरूका लागि कोभिड-19 खोपहरू बारे बारम्बार सोधिएका प्रश्नहरू

## 12 देखि 17 वर्षसम्मका युवा मानिसहरूले Pfizer कोभिड-19 खोप लगाउन सक्छन्।

तपाईं बस्ने नजिकै खोप लगाउने क्षेत्र फेला पार्नको लागि, **nyc.gov/vaccinefinder** मा जानुहोस् वा **877-829-4692** मा फोन गर्नुहोस्। धेरैजसो क्षेत्रहरूमा अपोइन्टमेन्टहरू लिन पर्दैन।

---

- खोपहरू निःशुल्क छन्! तपाईंलाई खोप लगाउनको लागि स्वास्थ्य बीमा आवश्यक पर्दैन।
- नाबालकलाई खोप लगाउनको लागि आमाबुवा वा अभिभावकहरूले आफै आएर वा फोनबाट अनुमति दिनुपर्छ। धेरैजसो क्षेत्रहरूले लिखित अनुमति पनि स्वीकार गर्छन्। 12 देखि 15 उमेरका कुनै पनि व्यक्तिले आफूसँग वयस्क व्यक्ति लिएर आउनुपर्छ।
- उमेरको प्रमाण, जस्तै आइडी वा जन्मदर्ता प्रमाणपत्र आवश्यक पर्छ। आमाबुवा वा अभिभावकले नाबालकको तर्फबाट उमेर पुष्टि गर्न पनि सक्नुहुन्छ।
- क्लिनिकल अध्ययनहरूमा Pfizer खोप 12 देखि 17 उमेरका मानिसहरूमा परीक्षण गरिएको थियो र कोभिड-19 रोग विरूद्ध सुरक्षित र प्रभावकारी भएको देखाइएको थियो। साइड इफेक्टहरू हुनु सामान्य हो र यसको अर्थ तपाईंको शरीरले प्रतिरक्षा बढाइरहेको छ भन्ने बुझिन्छ!

---

**1. 18 भन्दा कम उमेरका कोही व्यक्तिलाई किन खोप लगाउन आवश्यक पर्छ? मलाई कोभिड-19 ले युवालाई असर गर्दैन भन्ने लाग्थ्यो।**

सबै उमेरका मानिसहरूलाई कोभिड-19 लाग्न सक्छ। कोभिड-19 सामान्यतया वयस्कहरूका लागि बढी खतरनाक हुँदा हुँदै, युवाहरू कोभिड-19 को कारणले एकदमै बिरामी भएर उनीहरूको मृत्यु भएको छ। केही मानिसहरूलाई कोभिड-19 भएपछि हुने श्वास-प्रश्वाससम्बन्धी समस्याहरू वा दीर्घकालीन थकान जस्ता दीर्घकालीन स्वास्थ्यसम्बम्धी समस्याहरू पनि छन्।

युवाहरूलाई खोप लगाउनाले गम्भीर परिणामहरूको बढ्दो जोखिममा पुर्‍याउने चिकित्सा अवस्था भएका हजुरबुबा-हजुरआमा र आफन्तहरू जस्ता अन्य मानिसहरूको सुरक्षा गर्न पनि मद्दत पुर्‍याउँछ। खोप लगाएपछि भाइरस फैलन नदिन मद्दत गर्ने हुनाले यसले तपाईंको समुदायका मानिसहरूलाई पनि मद्दत गर्दछ। धेरैजसो युवा बिरामी नभएतापनि उनीहरू भाइरस हुन र फैलाउन सक्छन्।

**2. के मैले खोप लगाउन आवश्यक पर्छ?**

खोप लगाउने वा नलगाउने भन्ने बारे सबैको आ-आफ्नो रोजाइ हुन्छ। हामी मानिसहरूलाई निर्णय लिन आवश्यक पर्ने जानकारी दिन चाहन्छौं।



NYC VACCINE FOR ALL: SAFE, FREE, EASY

NYC

Nepali

### 3. 18 भन्दा कम उमेरका मानिसहरूले कहाँ खोप लगाउन सक्छन्?

NYC मा खोप लगाउन सजिलो छ। तपाईं आफू बस्ने नजिकै क्षेत्र फेला पार्नको लागि **nyc.gov/vaccinefinder** मा जान वा **877-829-4692** मा फोन गर्न सक्नुहुन्छ। 12 देखि 17 वर्षका मानिसहरूले Pfizer खोप मात्र लगाउन सक्छन्, त्यसैले त्यो खोप प्रस्ताव गर्ने क्षेत्र खोज्न सुनिश्चित गर्नुहोस्।

### 4. युवालाई खोपहरूले काम गर्छन् वा गर्दैनन् भन्ने कुरा हामीलाई कसरी थाहा हुन्छ?

Pfizer खोप युवामा अध्ययन गरिएको थियो र एकदमै सुरक्षित र प्रभावकारी भएको देखाइएको थियो। यो प्रक्रिया संयुक्त राज्य खाद्य तथा औषधी प्रशासन र अन्य संस्थाहरूका साथसाथै स्वतन्त्र विशेषज्ञहरूद्वारा निकट रूपमा निरीक्षण गरिएको थियो।

### 5. साइड इफेक्टहरू के-के हुन्? के यसले दुख्छ?

युवा व्यक्तिलाई खोप लगाउँदा अरू सुईले जस्तै हल्का दुखेको महसुस हुन सक्छ। त्यसपछि, उहाँहरूलाई सुई लगाएको पाखुरामा दुख्न सक्छ र उहाँहरूलाई थकान वा पीडा हुने, टाउको दुख्ने वा ज्वरो आउने हुन सक्छ। यिनीहरू सामान्यतया शरीरले सुरक्षा बढाइरहेको छ भन्ने संकेतहरू हुन्। साइड इफेक्टहरू प्रायः एक देखि दुई दिनसम्म रहन्छन्। तपाईंसँग साइड इफेक्टहरू बारे कुनै पनि सरोकारहरू भएमा, आफ्नो विशेषज्ञसँग कुरा गर्नुहोस् वा **311** मा फोन गर्नुहोस्।

Pfizer खोप दुईपटक लगाउन आवश्यक पर्छ। तपाईं वा तपाईंको बच्चालाई पहिलो सुई लगाएपछि भएका साइड इफेक्टहरू देखिएतापनि दोस्रो सुई लगाउन महत्त्वपूर्ण हुन्छ।

### 6. खोपको मूल्य कति हो? हामीले बीमा गरेका छैनौं भने के हुन्छ?

खोप निःशुल्क छ र तपाईंलाई खोप लगाउनको लागि बीमाको आवश्यकता हुँदैन। तपाईंले बिमा गर्नुभएको छ भने, यसलाई बिल गर्न सकिनेछ तर तपाईंलाई सह-भुक्तानी वा अन्य कुनै पनि शुल्क भुक्तान गर्न आवश्यक हुनेछैन।

### 7. मेरो परिवारसँग चिकित्सक हुनुहुन्न। मसँग प्रश्नहरू भएमा मैले कसलाई फोन गर्ने?

खोपहरू बारे थप जानकारीका लागि, **nyc.gov/covidvaccine** वा **cdc.gov/covidvaccine** भिजिट गर्नुहोस्। तपाईं **311** मा फोन गरेर कोभिड-19 खोपहरू बारे कोही व्यक्तिसँग कुरा गर्नको लागि अनुरोध गर्न पनि सक्नुहुन्छ।

### 8. युवा व्यक्तिले खोप लगाइसकेपछि के गर्न सक्नुहुन्छ?

कोही व्यक्तिले पूर्ण रूपमा खोप लगाइसकेपछि सबै क्रियाकलापहरू सुरक्षित हुन्छन्! पूर्ण रूपमा खोप लगाएका मानिसहरूले महामारीअघि उनीहरूले गरेका रमाइला क्रियाकलापहरू पुनः आरम्भ गर्न सक्छन् र फेस कभरिङ नलगाइकन र भौतिक दुरी कायम नराखिकन धेरैजसो क्रियाकलापहरू गर्न सक्छन्। केही स्थानहरूमा, मानिसहरूले खोप लगाएको भएतापनि उनीहरूले मास्क लगाउन आवश्यक हुन्छ। मालिक वा सञ्चालकलाई आवश्यक भएमा, यसमा विद्यालय, सार्वजनिक यातायात, स्टोर र अन्य सार्वजनिक स्थानहरू समावेश छन्।

हामीले प्रत्येक व्यक्तिलाई धेरै मानिसहरूले खोप नलगाउँदासम्म भित्र हुँदा आफ्नो फेस कभरिङ लगाउन सिफारिस गर्छौं।

### 9. के 12 देखि 17 उमेरका मानिसहरूलाई खोप लगाउन अनुमति आवश्यक पर्छ?

पर्छ। आमाबुवा वा अभिभावकले सहमति दिनुपर्दछ। अपोइन्टमेन्टको समयमा आफै आएर वा फोनबाट सहमति दिन सकिन्छ। केही खोप लगाउने क्षेत्रहरूले सबै सिटी-रन क्षेत्रहरू सहित लिखित सहमति पनि स्वीकार गर्छन्। 12 देखि 15 उमेरका युवासँग खोप लगाउने क्षेत्रमा आमाबुवा वा अभिभावक वा आमाबुवा वा अभिभावकद्वारा छनोट गरिएको अर्को वयस्क स्याहारकर्ता साथमा हुनुपर्दछ।

युवा व्यक्तिलाई उहाँहरूको जन्ममितिसँग जन्म प्रमाणपत्र वा आइडी जस्ता उमेरको प्रमाण आवश्यक हुनेछ। उनीहरूसँग उमेरको प्रमाण नभएमा, आमाबुवा वा अभिभावकले उनीहरूको उमेर प्रमाणित गर्न सक्नुहुन्छ। तपाईंलाई खोप लगाउनको लागि आफ्नो आप्रवासन स्थिति साझा गर्न आवश्यक हुँदैन।

NYC स्वास्थ्य विभागले परिस्थितिहरू विकसित हुँदै जाँदा सिफारिसहरू परिवर्तन गर्न सक्नेछ। 5.26.21

**तल दिइएका क्षेत्रहरूका लागि कुनै पनि अपोइन्टमेन्ट आवश्यक हुँदैन। अतिरिक्त क्षेत्रहरू फेला पार्न, nyc.gov/vaccinefinder भिजिट गर्नुहोस् र खोपको प्रकार “Pfizer” द्वारा खोज्नुहोस्।**

## Brooklyn

**NYC Health + Hospitals, Coney Island**
2601 Ocean Parkway
Brooklyn, NY 11235

**NYC Health + Hospitals, Kings County**
451 Clarkson Ave.
Brooklyn, NY 11203

**NYC Health + Hospitals, Woodhull**
760 Broadway
Brooklyn, NY 11206

**NYC Vaccine Hub - St. Nicks Alliance**
211 Ainslie St.
Brooklyn, NY 11211

**NYC Vaccine Hub - Flatbush YMCA**
1401 Flatbush Ave.
Brooklyn, NY 11210

**NYC Vaccine Hub - Starrett City/Spring Creek Towers Cityblock Health**
1310 Pennsylvania Ave.
Brooklyn, NY 11239

**Barclays Center - Modell’s Sports**
140 Flatbush Ave.
Brooklyn, NY 11217

**NYC Vaccine Hub - Brooklyn Children’s Museum**
145 Brooklyn Avenue
Brooklyn, NY 11203

## Bronx

**Bronx Zoo Vaccination Site**
2300 Southern Blvd.
Bronx, NY 10460

**NYS - Bay Eden Senior Center**
1220 E. 229th St.
Bronx, NY 10466

**NYC Health + Hospitals, Jacobi**
1400 Pelham Parkway South
Bronx, NY 10461

**NYC Health + Hospitals, Lincoln**
234 E. 149th St.
Bronx, NY 10451

**NYC Health + Hospitals, North Central Bronx**
3424 Kossuth Ave.
Bronx, NY 10467

**NYC Vaccine Hub - Lehman College - The Apex Center**
250 Bedford Park Blvd. West
Bronx, NY 10468

## Manhattan

**NYS - Javits Center**
429 11th Ave.
Manhattan, NY 10018

**NYC Health + Hospitals, Bellevue**
462 First Ave.
Manhattan, NY 10016

**NYC Health + Hospitals, Harlem**
506 Lenox Ave.
Manhattan, NY 10037

**NYC Health + Hospitals, Metropolitan**
1901 First Ave.
Manhattan, NY 10029

**NYC Vaccine Hub - Yeshiva University**
2495 Amsterdam Ave.
Manhattan, NY 10033

**NYC Vaccine Hub - Abyssinian Baptist Church**
132 West 138th St.
Manhattan, NY 10030

**NYC Vaccine Hub - American Museum of Natural History**
200 Central Park West
Manhattan, NY 10024

**NYC Vaccine Hub - ATC Vaccination Times Square (अघिल्लो NFL अनुभव)**
20 Times Square
Manhattan, NY 10036

**NYC Vaccine Hub - Fulton Center/Google**
119 9th Ave.
Manhattan, NY 10011

## Staten Island

**Northwell SIUH - Empire Outlets**
55 Richmond Terrace
Staten Island, NY 10301

**NYC Vaccine Hub - St. Joseph - St. Thomas School**
50 Maguire Ave.
Staten Island, NY 10309

**Northwell SIUH - Staten Island Mall**
280 Marsh Ave.
Staten Island, NY 10314

## Queens

**NYS - Aqueduct Racetrack**
110-00 Rockaway Blvd.
Queens, NY 11420

**Citi Field**
36-2 126th St.
Queens, NY 11368

**NYS-FEMA York College**
160-02 Liberty Ave.
Queens, NY 11433

**NYC Health + Hospitals, Elmhurst**
79-01 Broadway
Queens, NY 11373

**NYC Health + Hospitals, Queens**
82-68 164th St.
Queens, NY 11432

**NYC Vaccine Hub - Queensborough Community College Robert F. Kennedy Hall**
221-05 56th Ave.
Queens, NY 11364

**NYC Vaccine Hub - Korean Community Services**
203-05 32nd Ave.
Queens, NY 11361

**NYC Vaccine Hub - Queens Center Mall**
58-56 92nd St.
Queens, NY 11373

**NYC Vaccine Hub - Queens Public Library at Ozone Park**
92-24 Rockaway Blvd.
Queens, NY 11417

**Queens Public Library - Flushing Library**
41-17 Main St.
Queens, NY 11355